# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


पत्र सं. ०७९/०८०
च.नं. ५९८

मितिः-२०७९/१०/२९

विषयः- सूचना टाँस गर्ने गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय(सबै)
दक्षिणकाली नगरपालिका,
फर्पिङ्ग, काठमाडौं ।

नेपालको संविधानको अनुसूची-८,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५७ तथा यस नगरपालिकाको घर बहाल कर व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८ बमोजिम यस नगरपालिकाको निर्णयानुसार घर जग्गा बहाल कर व्यवस्थापन सम्बन्धी सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नहुन तथा त्यस वडा कार्यालय अन्तर्गत रहेका टोल विकास संस्थालाई समेत सूचना टाँसको लागि पत्राचार गरी सोको जानकारी यस कार्यालयमा पठाइदिनुहुन अनुरोध छ । सूचना यसै पत्रसाथ राखी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

..............................
(दिपककुमार के.सी.)
वरिष्ठ शाखा अधिकृत

अनुसूची-३

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

दक्षिणकाली नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

फर्पिङ,काठमाडौं

## घरजग्गा बहाल सम्बन्धी विवरण पेशगर्ने बारेको अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।१०।२९

यस दक्षिणकाली नगरपालिकाले घर बहाल कर व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८ बमोजिम आ.व. २०७९।०८० देखि घरजग्गा बहाल कर लागू गरेको हुँदा नगरपालिका क्षेत्रभित्र आफ्नो निजि स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न भाडा, बहाल, लिज वा पट्टामा दिएको वा कुनै जग्गा लिजमा लिई घर भाडामा लगाएको व्यक्तिसमेतलाई आफ्नो बहालमा दिएको घरजग्गा सम्बन्धी विवरण दाखिला गरी नगरपालिका/वडा कार्यालयमा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

घरजग्गा बहाल सम्बन्धी विवरण दाखिला गर्ने फाराम नगर कार्यपालिकाको कार्यालय/ वडा कार्यालयबाट फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ ।

घरजग्गा बहाल सम्बन्धी विवरण पेश गर्दा बहालमा दिएको घर जग्गाको विवरण, बहाल रकम र बहाल अवधि स्पष्ट खुलेको बहाल सम्झौता पत्रको प्रतिलिपि, धनीपूर्जाको प्रतिलिपि, बहालमा बस्नेको आधिकारिक विवरण सहित तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ । विबरण पेश गर्ने ढाँचा कार्यपालिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

विवरण घरजग्गा धनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मन्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । समयभित्रै आ-आफ्नो बहालमा दिएको घरजग्गाको विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत